"न्यायपालिकाको स्वतन्त्रता, न्यायिक सुशासन हाम्रो प्रतिबद्धता"

# बागलुङ जिल्ला अदालत
## बागलुङ

पत्र संख्याः- ०७८/७९
चलानी नः- ०६८-६२-००००१५

प्रशासन शाखा

धवलागिरी अञ्चल
मितिः-२०७८/४/४

## सेवा प्रवाह सम्बन्धी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोरोना भाइरस (Covid-19) को संक्रमणको कारण न्यायका उपभोक्ता तथा कार्यरत जनशक्ति समेतको स्वास्थ्य सुरक्षाको संवेदनशिलतालाई ध्यानमा राखी सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८।१।१४ गते जारी प्रेसविज्ञप्ती एवं जिल्ला प्रशासन कार्यालय बागलुङले मिति २०७८।१।२१ गते देखि लागु हुने गरी पटक पटक गरी मिति २०७८।४।१४ गते सम्म निषेधाज्ञा जारी गरेको अवस्थामा यस अदालतबाट समेत यस अघि पटक पटक सेवा संकुचन सम्बन्धी सूचना जारी भएकोमा अदालतबाट सम्पादन हुने सेवा प्रवाहका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७८।३।३१ को फुलकोर्टको निर्णय तथा सम्मानित उच्च अदालत पोखरा बागलुङ इजलासको मिति २०७८।४।३ को पूर्ण बैठकबाट निर्णय भए अनुसार नेपाल सरकारले तोकेको सुरक्षाका मापदण्डहरु अपनाई मिति २०७८।४।१५ देखि लागु हुने गरी यस अदालतबाट सबै प्रकारका मुद्दा दर्ता र सुनुवाई सम्बन्धी सेवाहरु संचालन गर्ने साथै मिति २०७८।१।२१ देखि मिति २०७८।४।१४ सम्मको अवधिको हदम्याद, म्याद, तारेख थाम्ने थमाउने सम्बन्धमा सर्वोच्च अदालतको बृहतपूर्ण इजलासको मिति २०७७।२।१५ को आदेश बमोजिमको सुविधा मिति २०७८।४।१५ देखि लागु हुने भएको हुँदा सरोकारवाला निकाय, कानून व्यवसाय एवं सेवाग्राहीहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७८।४।४

सूर्यप्रसाद भण्डारी
सेस्तेदार(उपसचिव)

☎ ०६८-५२०२४२ मेलमिलाप गरौ, विवाद नबढाऔं । Email:info.dcbaglung@supremecourt.gov.np
"असमर्थ पक्षलाई निःशुल्क कानूनी सेवा उपलब्ध छ ।" admin.dcbaglung@supremecourt.gov.np
website:- "http://www.supremecourt.gov.np/court/baglungdc"